# पुतलीवजार नगरपालिका
# नगरकार्यपालिकाको, कार्यालय स्याङ्जा
## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।३।१६

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाको मिति २०७७/३/१० को सातौं नगर सभाको निर्णय अनुसार यस नगरपालिकाको आ.व. २०७७।७८ को लागि निम्न शिर्षकहरुमा वढीवढाउका माध्यमबाट कर, सेवा शुल्क,दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि निम्न लिखित शर्तहरुको अधीनमा रही ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरी रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७७।७८ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | सडक उपयोग मर्मत शुल्क तर्फ : | | | |
| १ | १.१ | बाडखोला दुलेगौंडा ग्रा.स. | ७,५१,०००।- | १०००।- |
| २ | १.२ | प्रगतीनगर बहाकोट ग्रा.स. | २१५,००५।- | १०००।- |
| ३ | १.३ | स्याङ्जा पुतलीखेत आरुचौर ग्रा.स. | ४,३१,०००।- | १०००।- |
| ४ | १.४ | प्रगतीनगर घुम्ती चिसापानी ग्रा.स. | १,५०,०००।- | १०००।- |
| ५ | १.५ | सुम्रेखोला नुवारभञ्ज्याङ अर्जुनचौपारी ग्रा.स. | ३,१५,०००।- | १०००।- |
| ६ | १.६ | जाडखोला पेल्काचौर ग्रा.स. | ६१,०००।- | १०००।- |
| ७ | १.७ | स्याङ्जा बजार-हुनीकोट ग्रा.स. | १७,०००।- | १०००।- |
| ८ | १.८ | पुतलीखेत ठूलीवेसी उनियाचौर हुदै नागडांडां | ७२,०००।- | १०००।- |
| ९ | पार्किङ शुल्क तर्फ : | | | |
| | ९.१ | पु.व.न.पा. स्थित चौकी पछाडी अभियानपथ ट्याक्सीचोक भित्र सपिङ कम्प्लेक्स साईड ,बैंकरोड, घुम्तिवजार, विरेन्द्रनगर, भेटेरितरी बहाकोट चोक, वाडखोला दुलेगौडा रोड, सतौं दरौं रोड, राङखोला विरुवा रोड, नौडाडा सेतिदोभान रोड, स्याङ्जा वसपार्क । (दररेट टेण्डर फर्ममा समावेश गरिने छ ।) | ५,५५,५५५।- | १०००।- |
| १० | वहाल विटौरी कर तर्फ : | | | |
| | १०.१ | पुतलीवजार नगरपालिका क्षेत्र भित्र वहाल विटौरीकर उठाउने । (दररेट टेण्डर फर्ममा समावेश गरिने छ ) | ५०,१००।- | १०००।- |
| ११ | विज्ञापन कर तर्फ : | | ५,२०,०००।- | १०००।- |
| १२ | कवाडी कर तर्फ : | | | |
| | १२.१ | छाला,हाड,खुर,सिङ,प्लास्टिक,वोतल,फलाम र अन्य कवाडी जन्य वस्तु (दररेट टेण्डर फर्ममा समावेस गरिनेछ) | ३,०५,०००।- | १०००।- |

**शर्तहरु :-**

१) दरभाउपत्र पेश गर्दा, व्यक्तिको हकमा १ लाख ५० हजार सम्मको लागि नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र सो भन्दा वढी रकमको दरभाउपत्र पेश गर्न अन्य फर्म वा संघ संस्था ( व्यक्तिले नपाउने) को हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

२) दरभाउपत्र १६ (सोहौं) दिन मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको न. ०७२०३००००३०००००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७७/३/३१ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं सहीछाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्वीकृत भएमा, स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको सम्पूर्ण रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको न. ०७२०३००००१००१००००१ को आन्तरिक राजस्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ उक्त रकम बुझाउदा कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ तर यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम हुन जाने भएमा सो छुट गरिने छैन । धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तु समेतका लागि तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । सम्झौतामा उल्लेख नभएका मालवस्तु र तोकिएको भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ । कर उठाउन पाउने मालवस्तुको विवरण र दररेट दरभाउपत्र फारामकासाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादनस्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुको दररेट स्पष्ट देखिने गरी सूचना पाटीमा टाँस गर्नुपर्नेछ । ठेक्काको रकम संकलन गर्ने समेतको आवश्यक सम्पूर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेट भन्दा थोरै नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्यौंट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

१०) राजमार्ग तथा अन्य सडकमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११) सरकारी कार्यालयबाट गरिने अमानतका कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ साथै सरकारी कार्यालयका सेतो नम्वर प्लेट, कुटनैतिक नियोगका निलो नम्बर प्लेट, संस्थानहरुका पहिलो नम्बर प्लेट, पर्यटकका हरियो नम्बर प्लेट र निजी तथा सार्वजनिक विद्यालयका र कृषिजन्य वस्तु ढुवानीका साधनहरुमा उक्त शुल्क लिन पाईने छैन ।

१२) वन्द, हडताल, विपत्ति, वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१३) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन सम्वन्धित आन्तरिक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१५) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१६) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्रदाताको धरौटी रकम जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१७) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै नेपाल सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

१८) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत